आज मिति २०७९ साल असार ३ गते शुक्रबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा २ (दोश्रो) बैठक वसी निम्न बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार

२०. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२. सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री राजन पौडेल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. अघिल्लो कार्यकालको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

३. पहिलो नगर सभाको दशौं बैठकबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट (वार्षिक विकास योजना) कार्यान्वयनको अवस्था र भुक्तानी गर्ने समयावधि सम्बन्धमा।

४. आर्थिक वर्ष २०७९/०८० को लागि नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) निर्माण गर्ने सम्बन्धमा।

५. सम्पूर्ण निर्वाचित जनप्रतिनिधिज्यूहरुको बैंक खाता खोली आर्थिक प्रशासन शाखालाई उपलब्ध गराउने सम्बन्धमा।

६. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. नमोबुद्ध नगरपालिकाको विषयगत समिति (कार्यसंचालन) कार्यविधि, २०७९ स्वीकृत सम्बन्धमा।

२. नमोबुद्ध नगरपालिकाको बजार व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गर्ने सम्बन्धमा।

३. ठुला सवारीसाधन संचालन सम्बन्धमा।

४. काभ्रेभन्ज्याङ-नमोबुद्ध सडक खण्डको कर सम्बन्धमा।

५. पशुपति रोडा ढुङ्गा ग्राभेल खानी प्रा.लि. को म्याद थप सम्बन्धमा।

६. कानुनी सल्लाहकार नियुक्ति गर्ने सम्बन्धमा।

७. समिति गठन गर्ने सम्बन्धमा।

८. बजार व्यवस्थापन तथा अनुगमन समिति गठन गर्ने सम्बन्धमा।

९. नगर युवा परिषद् का कार्यकारी उपाध्यक्षलाई पद मुक्त गर्ने सम्बन्धमा।

१०. आर्थिक वर्ष २०७९/०८० को लागि प्राकृतिक श्रोत तथा खानीजन्य वस्तुको बिक्रि निकासी शुल्क संकलन सम्बन्धी बोलपत्र प्रकृया अगाडी बढाउने सम्बन्धमा।

११. दोश्रो नगर सभाको पहिलो बैठक (बजेट अधिवेशन) को मिति तथा समय तोक्ने सम्बन्धमा।

१२. अख्तियारी सम्बन्धमा।

१३. दरबन्दी कायम गर्ने सम्वन्धमा।

१४. रकमान्तर गर्ने सम्बन्धमा।

१५. विविध।

निर्णयहरु:

निर्णय नं. १:

नमोबुद्ध नगरपालिकाको नगर कार्यपालिकाले गठन गरेका विभिन्न विषयगत समितिहरुको कार्य संचालन प्रकृयालाई व्यवस्थित गरी नगरपालिकाबाट सम्पादन हुने काम कारवाहीलाई प्रभावकारी बनाउने उदेश्यले निर्माण गरिएको नमोबुद्ध नगरपालिकाको विषयगत समिति (कार्य संचालन) कार्यविधि, २०७९ स्वीकृत गर्ने।

निर्णय नं. २:

नमोबुद्ध नगरपालिका अन्तर्गत बजार क्षेत्र भित्र स्वच्छ र सफा राख्न, अव्यवस्थित व्यवसाय संचालन र स्थापना गर्न रोक लगाउन, भौतिक निर्माण कार्यलाई व्यवस्थित गर्न, व्यवस्थित पार्किङ तथा व्यवस्थित फुटपाथको व्यवस्था गर्ने लगायत बजार क्षेत्रको उचित व्यवस्थापन गर्ने उदेश्यले निर्माण भएको नमोबुद्ध नगरपालिकाको बजार व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गर्ने।

निर्णय नं. ३:

भकुण्डेबेशी क्षेत्रलाई लक्षित गरी निर्माण सामग्रीहरु लगायत अन्य सामग्रीहरु ढुवानी गर्ने ठुला सवारी साधनहरु (१२ चक्के, १६ चक्के, एल.पी. गाडी लगायत) लाई धुलिखेलबाट वि.पि राजमार्गमा प्रवेश गरी सकेपछि निश्चित समय तोकी विना अवरोध भकुण्डेबेशीसम्म आवतजावत गर्न पाउने व्यवस्था मिलाउनको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने।

निर्णय नं. ४:

नमोबुद्ध नगरपालिकाको क्षेत्र भित्र रहेको नमोबुद्ध परिसरमा प्रवेश गर्ने सवारीसाधनलाई लक्षित गरी काभ्रेभन्ज्याङ-नमोबुद्ध सडक खण्डको काभ्रेभन्ज्याङमा धुलिखेल नगरपालिकाबाट संकलन भईरहेको राजश्व तत्काल हटाउन धुलिखेल नगरपालिकालाई हार्दिक अनुरोध गर्ने।

निर्णय नं. ५:

यस नमोबुद्ध नगरपालिका वडा नम्वर ०५ स्थित श्री पशुपति रोडा ढुङ्गा ग्राभेल प्रा.लि.लाई खानी तथा भूगर्भ विभागको पं.सं. ९४/०६७/०६८, च.नं. १२४, मिति २०६७/०५/०७ गतेको निर्णय अनुसार श्री पशुपति रोडा ढुङ्गा ग्राभेल प्रा.लि.लाई निर्माणमुखी पदार्थ उत्खनन् कार्य गर्नका लागि मिति २०६४/०१/१६ गते देखि १५ वर्षसम्म अनुमति दिएको र सो अनुमति आर्थिक वर्ष २०७८/०७९ बाट समाप्त भएको सन्दर्भमा श्री पशुपति रोडा ढुङ्गा ग्राभेल प्रा.लि.ले मिति २०७८/०२/२० गते म्याद थपको लागि निवेदन दिएको, ५ नम्बर वडा कार्यालयको प.सं. २०७८/०७९, च.नं. १११८, मिति

२०७९/०१/०९ को सिफारिस पत्र साथ प्राप्त सार्वजनिक भेलाको निर्णय तथा सर्जमिन मुचुल्काका आधारमा खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम १७ बमोजिम उत्खनन् कार्यको अवधि र अवधि थप सम्बन्धी व्यवस्था को उप-नियम (३) को प्रयोजनका लागि श्री पशुपति रोडा ढुङ्गा ग्राभेल प्रा.लि.लाई प्रचलित कानुन बमोजिम निर्माणमुखी पदार्थ उत्खनन् कार्य गर्नका लागि म्याद थप गरिदिन खानी तथा भूगर्भ विभाग लगायत सम्वन्धित निकायमा नियमानुसार सिफारिस गर्ने।

निर्णय नं. ६:

यस नमोबुद्ध नगरपालिकाको विभिन्न क्षेत्रमा कानुन सम्बन्धी परामर्श लगायत कानुनका विविध कार्यहरुमा समन्वय, सहयोग, सहकार्य र सहजीकरणको लागि कानुनी परामर्शदर्ता/सल्लाहकारको रुपमा नमोबुद्ध नगरपालिका वडा नम्बर ११ निवासी नेपाल कानून व्यवसायी परिषद्को क्रम संख्या १३७६/०७८/०७९, प्रमाणपत्र नम्बर १९६०८ मा दर्ता कायम भएका अधिवक्ता श्री महेन्द्र तामाङलाई नियुक्त गर्ने।

निर्णय नं. ७:

नमोबुद्ध नगरपालिकाको कार्य प्रणालीलाई थप व्यवस्थित, प्रभावकारी, नतिजामुखी बनाउन तपशिल बमोजिमको समितिहरु गठन गर्नेः

तपशिलः

क. यस नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको काम कारबाही व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ र नगर सभाको कार्यप्रणालीलाई थप व्यवस्थित, प्रभावकारी, नतिजामुखी बनाउनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ बमोजिम तपशिल बमोजिमको समिति गठन गर्ने।

*१. अनुगमन समितिः*

कार्य क्षेत्रः नगरपालिका भित्रका आयोजना र कार्यक्रमहरुको अनुगमन गर्ने अन्य स्थानीय सरकार संचालन ऐन, २०७४ र प्रचलित कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| १. नगर उप-प्रमुख श्री रत्न बहादुर लामा | - संयोजक |
| २. वडा अध्यक्ष श्री प्रेम बहादुर लामा | - सदस्य |
| ३. वडा अध्यक्ष श्री सुरे तामाङ | - सदस्य |
| ४. वडा अध्यक्ष श्री शेर बहादुर तामाङ | - सदस्य |
| ५. योजना अधिकृत | - सदस्य-सचिव |

(यस समितिमा सम्बन्धित प्राविधिक (इन्जिनियर) आमन्त्रित सदस्य रहनेछ)

*२. स्थानीय राजश्व परामर्श समितिः*

(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमिजिम)

कार्य क्षेत्रः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ को उपदफा (२) र प्रचलित कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| १. नगर उप-प्रमुख श्री रत्न बहादुर लामा | - संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३. वडा अध्यक्ष श्री रमेश तिवारी | - सदस्य |
| ४. कार्यपालिका सदस्य श्री शुशिला परियार | - सदस्य |
| ५. उद्योग वाणीज्य संघको प्रमुख/प्रतिनिधि | - सदस्य |
| ६. नेपाल चेम्बर अफ कमर्शको प्रमुख/प्रतिनिधि | - सदस्य |
| ७. कार्यपालिकाको राजश्व महाशाखा, विभाग वा शाखा प्रमुख | - सदस्य-सचिव |

*३. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिः*

(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमिजिम)

कार्य क्षेत्रः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ को उपदफा (३) र प्रचलित कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| १. नगर प्रमुख श्री कुनसाङ लामा | - संयोजक |
| २. नगर उप-प्रमुख श्री रत्न बहादुर लामा | - सदस्य |
| ३. वडा अध्यक्ष श्री कवि राज श्रेष्ठ | - सदस्य |
| ४. वडा अध्यक्ष श्री शेर बहादुर तामाङ | - सदस्य |
| ५. कार्यपालिका सदस्य श्री गोपाल नेपाली | - सदस्य |
| ६. कार्यपालिका सदस्य श्री बुद्ध कुमारी तामाङ | - सदस्य |
| ७. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य-सचिव |

*४. बजेट तथा कार्यक्रम तर्जुमा समितिः*

(स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ बमिजिम)

कार्य क्षेत्रः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ को उपदफा (२) र प्रचलित कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| १. नगर उप-प्रमुख श्री रत्न बहादुर लामा | - संयोजक |
| २. बिषयगत समितिका संयोजकहरु (सबै) | - सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. योजना अधिकृत | - सदस्य-सचिव |

ख. यस नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको काम कारबाही व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४, नमोबुद्ध नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १५ र नमोबुद्ध नगरपालिकाको विषयगत समिति (कार्यसंचालन) कार्यविधि, २०७९ बमोजिम तपशिल बमोजिमको समिति गठन गर्ने।

*१. आर्थिक विकास समिति :*

(स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १४ को उपदफा (१) बमोजिम)

*कार्य क्षेत्र :* कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय रोजगारी जस्ता क्षेत्र।

१. वडा अध्यक्ष श्री रमेश तिवारी - संयोजक
२. वडा अध्यक्ष श्री प्रेम बहादुर तामाङ - सदस्य
३. वडा अध्यक्ष श्री राम कृष्ण उपाध्याय - सदस्य
४. नगर सभा सदस्य श्री रेशम बहादुर दाहाल - सदस्य
५. पशु तथा कृषि विकास शाखा प्रमुख - सदस्य-सचिव

*२. सामजिक विकास समितिः*

(स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १४ को उपदफा (१) बमोजिम)

*कार्य क्षेत्र :* शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारु, अल्पसंख्यक आदि), जनसंख्या व्यवस्थापन जस्ता क्षेत्र।)

१. वडा अध्यक्ष श्री वीर बहादुर लामा - संयोजक
२. वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङ - सदस्य
३. कार्यपालिका सदस्य श्री शुशिला परियार - सदस्य
४. नगर सभा सदस्य श्री गोकुल प्रसाद भुर्तेल - सदस्य
५. शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख - सदस्य-सचिव

*३. पूर्वाधार विकास समितिः*

(स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १४ को उपदफा (१) बमोजिम)

(*कार्य क्षेत्रः* सडक, पुल तथा झोलुंगे पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार जस्ता क्षेत्र।)

१. वडा अध्यक्ष श्री कवि राज श्रेष्ठ - संयोजक
२. वडा अध्यक्ष श्री सुरे तामाङ - सदस्य
३. नगर सभा सदस्य श्री श्याम गोपाल श्रेष्ठ - सदस्य
४. नगर सभा सदस्य श्री शहदेव अधिकारी - सदस्य

५. योजना अधिकृत - सदस्य-सचिव

४. *वातावरण तथा विपद् व्यवस्थापन समितिः*

(स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १४ को उपदफा (१) बमोजिम)

*कार्य क्षेत्र* : वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, वारुणयन्त्र संचालन जस्ता क्षेत्र।)

१. वडा अध्यक्ष श्री प्रेम बहादुर तामाङ - संयोजक
२. कार्यपालिका सदस्य श्री गीता श्रेष्ठ - सदस्य
३. कार्यपालिका सदस्य श्री गोपाल नेपाली - सदस्य
४. नगर सभा सदस्य श्री दुर्गा बहादुर लामा (तामाङ) - सदस्य
५. वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन शाखा प्रमुख - सदस्य-सचिव

५. *संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समितिः*

(स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १४ को उपदफा (१) बमोजिम)

*कार्य क्षेत्र* : मानव संशोधन विकास, सामान्य सेवा व्यवस्थापन, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सुरक्षा व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, बेरुजु फछर्यौट, सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग, सेवा प्रवाहको मापदण्ड निर्धारण, सुशासन प्रवर्द्धन, अनुसन्धान तथा विकास र अन्यत्र वर्गीकरण नभएको क्षेत्र।

१. वडा अध्यक्ष श्री राम कृष्ण उपाध्याय - संयोजक
२. नगर सभा सदस्य श्री संजय लामा - सदस्य
३. नगर सभा सदस्य श्री कुमार सिं लामा - सदस्य
४. नगर सभा सदस्य श्री बुद्धिमान तामाङ - सदस्य
५. प्रशासकीय अधिकृत - सदस्य-सचिव

ग. यस नमोबुद्ध नगरपालिका, नगर कार्यपालिका र नगर सभाको काम कारबाही व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ बमोजिम तपशिल बमोजिमको समिति गठन गर्ने।

१. *सार्वजनिक लेखा समितिः*

(स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा २२ बमोजिम)

*कार्य क्षेत्र :* नगरपालिकाको आर्थिक क्षेत्रको सुशासन कायम गर्ने।

१. वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङ - संयोजक
२. कार्यपालिका सदस्य श्री सुरेश तोलांङ्गे (सार्की) - सदस्य
३. नगर सभा सदस्य श्री मुरारी सत्याल - सदस्य
४. नगर सभा सदस्य श्री शेर बहादुर तामाङ - सदस्य
५. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

*२. विधायन समितिः*

(स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा २२ बमोजिम)

*कार्य क्षेत्र :* नगरपालिकाको लागि आवश्यक पर्ने कानुन निर्माण गर्ने।

| | |
|---|---|
| १. वडा अध्यक्ष श्री टिका बहादुर के.सी. | - संयोजक |
| २. वडा अध्यक्ष श्री सुरे तामाङ | - सदस्य |
| ३. वडा अध्यक्ष श्री धर्म सिं लामा | - सदस्य |
| ४. नगर सभा सदस्य श्री विनोद खड्का | - सदस्य |
| ५. कानुन सम्बन्धी हेर्ने शाखा प्रमुख | - सदस्य-सचिव |

*३. कार्य व्यवस्था परामर्श समितिः*

(स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा २२ बमोजिम)

*कार्य क्षेत्र :* नगरपालिकाको नगर कार्यपालिका बैठक तथा नगर सभा संचालनका लागि सहजीकरण गर्ने।

| | |
|---|---|
| १. नगर प्रमुख श्रीमान् कुनसाङ लामा | - संयोजक |
| २. वडा अध्यक्ष श्री टिका बहादुर के.सी. | - सदस्य |
| ३. वडा अध्यक्ष श्री धर्म सिं लामा | - सदस्य |
| ४. वडा अध्यक्ष श्री शेर बहादुर तामाङ | - सदस्य |
| ५. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य-सचिव |

<u>निर्णय नं. ८:</u>

नमोबुद्ध नगरपालिकाको बजार व्यवस्थापन कार्यविधि, २०७९ को दफा १० बमोजिमको बजार व्यवस्थापन तथा अनुगमन समिति को उप दफा (१) प्रयोजनका लागि तपशिल बमोजिमको गर्ने।

<u>तपशिलः</u>

| | |
|---|---|
| १. वडा अध्यक्ष श्री धर्म सिं लामा | - संयोजक |
| २. वडा अध्यक्ष श्री कवि राज श्रेष्ठ | - सदस्य |
| ३. वडा अध्यक्ष श्री अर्जुन बहादुर कार्की | - सदस्य |

<u>निर्णय नं. ९:</u>

नमोबुद्ध नगरपालिकाको नगर कार्यपालिका बैठकको मिति २०७६/०५/०५ गतेको बैठकको निर्णयबाट स्वीकृत नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् कार्यविधि, २०७६ र नगर सभाको मिति २०७८/१०/१९ गतेको बैठकबाट स्वीकृत नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् ऐन, २०७७ कार्यान्वयनमा भई सोहि ऐनको परिच्छेद-७ (उपाध्यक्ष तथा कर्मचारी) को दफा १५. बमोजिम नगर युवा परिषद् को लागि नमोबुद्ध नगरपालिका वडा नम्बर ०७ निवासी श्री अशोक खनाललाई कार्यकारी

उपाध्यक्ष नियुक्त गरिएको तर निजले नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् ऐन, २०७७ को परिच्छेद- ७ को दफा १६. बमोजिम को काम, कर्तव्य र अधिकार अनुरुप काम कारवाही नगरेको, नमोबुद्ध नगरपालिकाले स्वीकृत गरेको वार्षिक विकास योजना अनुरुपका नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन नगरेको, युवाहरुको क्षेत्रमा परिषद् ले गर्नुपर्ने क्रियाकलापहरु नगरेको, सोहि ऐनमा भएका व्यवस्थाहरु कार्यान्वयन नगरेको तथा नगरपालिकाको हित विपरितका कार्यहरु संचालन गर्दै आईरहेको हुँदा नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् ऐन, २०७७ को परिच्छेद-७ को दफा १५. को उपदफा (४) को प्रयोजनका लागि उपदफा (५) बमोजिम निजलाई मिति २०७९/०२/२४ गतेको नगर प्रमुख स्तरीय निर्णय बमोजिम ३ (तीन) दिन भित्र लिखित स्पष्टीकरण पेश गर्न गरिएको निर्णय अनुमोदन गर्दै निजले नमोबुद्ध नगरपालिका, नगर युवा परिषद्को लेटरप्याड प्रयोग गरि मिति २०७८/०२/२६ गते नगरपालिकाको इमेल मार्फत लिखित स्पष्टीकरण पेश गरेको तर निजले पेश गरेको स्पष्टीकरणमा नगरपालिकाले माग गरेको व्यहोरा उल्लेख नगरी अन्य विषयवस्तुलाई प्राथमिकता दिई पेश गरेको हुँदा निजको स्पष्टीकरण चित्तबुज्दो नभएकोले नमोबुद्ध नगरपालिकाको नगर युवा परिषद् ऐन, २०७७ को परिच्छेद-७ को दफा १५. को उपदफा (४) बमोजिम नगर युवा परिषद्का कार्यकारी उपाध्यक्ष श्री अशोक खनाललाई पद मुक्त गर्ने। नगर युवा परिषद्का कार्यकारी उपाध्यक्ष श्री अशोक खनालले हाल सम्म नगरपालिकालाई पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्ने।

<u>निर्णय नं. १०:</u>

नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि प्राकृतिक तथा खानी जन्य बस्तुको ब्रिक्री तथा निकासी शुल्क संकलनको ठेक्का बन्दोबस्त (बोलपत्र) सम्बन्धी सुचना प्रकाशन गर्न सम्पूर्ण कागजातहरुको यथार्थ र विस्तृतरुपमा अध्ययन गरी ठेक्का बन्दोबस्त (बोलपत्र) को अंक तपशिल बमोजिम कायम गरी नियमानुसार बोलपत्र आह्वान गर्ने।

*तालिका १:* आर्थिक वर्ष २०७८/०७९ मा वास्तविक संकलन भएको यथार्थ राजश्वको विवरणः

| क.स. | विवरण | रकम (रु.) | अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | नगरपालिकाको कर्मचारी मार्फत | रु. १,२१,५८,००० | मिति २०७८/०४/०१ गते देखि २०७८/०९/०९ गते सम्म | |
| २ | बोलपत्र (ठेक्का) मार्फत | रु. १,५३,६८,००० | मिति २०७८/०९/१० गते देखि २०७९/०३/३२ गते सम्म | छुट बाहेक |
| | जम्मा | रु. २,७५,२६,००० | | |

*तालिका २:* उद्योगबाट निकासी गरिने गाडीका आधारमा अनुमानित राजश्व विवरण:

| क्र.म. | खानि उद्योगको विवरण | ठेगाना | औषत निकासी हुने गाडी (टिपर/ठुलो गाडी) को संख्या (सम्बन्धमा उद्योग र सङ्कलनमा खटिएका कर्मचारीबाट प्राप्त विवरणका आधारमा) | बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७८ बमोजिम प्रति गाडी औषत राजश्व | प्रति दिन संकलन दर | वार्षिक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ | १० | ३००० | रु.३०,००० | रु.१,०९,५०,००० | खानी तथा भूगर्भ विभाग र नगरपालिकामा दर्ता भएको |
| २ | श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि. | नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ | १५ | ३००० | रु.४५,००० | रु.१,६४,२५,००० | खानी तथा भूगर्भ विभागमा दर्ताको लागि निवेदन पेश भएको |
| | जम्मा | | २५ | | रु.७५,००० | रु.२,७३,७५,००० | |

*तालिका ३:* तालिका १ र तालिका २ को आधारमा आर्थिक वर्ष २०७९/०८० को लागि गरिएको न्यूनतम प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्रि तथा निकासी शुल्क दस्तुर संकलन:

| क्र.म. | विवरण | क | ख | औषत | कैफियत |
|---|---|---|---|---|---|
| १ | रकम | रु. २,७५,२६,००० | रु.२,७३,७५,००० | रु.२,७४,५०,५०० | |

खानी तथा भूगर्भ विभाग लैनचौर र नमोबुद्ध नगरपालिकामा नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ स्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि., वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि. र

नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ स्थित श्री पशुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. मात्र दर्ता भएको र अन्य उद्योग/खानीहरु दर्ताको प्रक्रियामा नै रहेको।

खानी तथा भूगर्भ विभाग लैनचौर र नमोबुद्ध नगरपालिकामा दर्ता भएको नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ स्थित श्री पशुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. ले प्राविधिक कारण देखाई आर्थिक वर्ष २०७७/०७८ मा संचालन नगरेको र आर्थिक वर्ष २०७८/०७९ मा पनि तत्काल संचालन गर्न नसक्ने अवस्थामा रहेको जानकारी दिएको तर आर्थिक वर्ष २०७९/८० मा संचालनका लागि नगरपालिकाबाट म्याद थपको सिफारिस मार्फत खानी तथा भूगर्भ विभागमा म्याद थपको लागि निवेदन पेश गरेको।

माथि उल्लेख तालिका र बुद्दालाई मध्यनजर गरी हालका लागि खानी तथा भूगर्भ विभाग लैनचौर र नमोबुद्ध नगरपालिकामा दर्ता भएको र संचालनमा नै रहेको नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ स्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. र वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि. लाई आधार मानि माथि उल्लेख भए अनुसारको लागत अनुमान. रु.२,७४,५०,५०० (मु.अ.कर सहित) लाई न्यूनतम रकम कायम गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) बमोजिमको खण्ड घ. (६) अनुसार यस नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को लागि प्राकृतिक तथा खानी जन्य बस्तुको ब्रिक्री तथा निकासी शुल्क संकलनको ठेक्का बन्दोबस्त (बोलपत्र) सम्बन्धी सुचना प्रचलित कानुन बमोजिम प्रकाशन गर्ने र वडा नम्बर ०६ स्थित श्री तिरुपति रोडा ढुङ्गा उद्योग प्रा.लि. र वडा नम्बर ०६ स्थित श्री ब्लु साईन रोडा ढुङ्गा उद्योग प्रा.लि.को मात्र मूल्यांकन गरी नियमानुसार सूचना प्रकाशित गरिने हुँदा अन्य उद्योग/खानीहरु नियमानुसार दर्ता भई वा सम्बन्धित निकायबाट परिपत्र भई सूचारु भए पश्चात मात्र सो उद्योगहरु हकमा नियमानुसार बोलपत्र प्रक्रिया अगाडी बढाउने।

निर्णय नं. ११:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पहिलो बैठक (बजेट अधिवेशन) मिति २०७९ असार १० गते विहानको ठिक ११:०० बजे नगरपालिकाको सभाहल, भकुण्डेबेशीमा गर्ने।

निर्णय नं. १२:

यस नमोबुद्ध नगरपालिका, नगर सभा, नगर कार्यपालिका, नगर प्रमुख, नगर उपप्रमुख, नगरसभा तथा नगर कार्यपालिकाद्वारा गठित विभिन्न समिति, उपसमितिहरु, वडा अध्यक्षहरु लगायत नगरपालिकाले गरेका नगरपालिकासँग सम्बन्धित कुनै काम कारवाही उपर पर्ने तथा नगरपालिकाको तर्फबाट नेपाल राज्यभित्रका कुनै पनि अड्डा अदालत, अर्धन्यायिक निकायमा कुनै व्यक्ति वा संस्थाको विरुद्धमा फिराद, प्रतिउत्तर दर्ता गर्ने, निवेदन गर्ने, लिखित जवाफ पेश गर्ने कानुन व्यवसायी मुकरर गर्ने, वारेस नियुक्त गर्ने, पुनरावेदन पत्र

दर्ता गर्ने लगायतका सम्पूर्ण कानूनी प्रतिरक्षा तथा कानून सम्बन्धी सम्पूर्ण काम कारवाही गर्न नगर प्रमुख श्री कुनसाङ लामालाई अख्तियारी दिने।

निर्णय नं. १३:

बागमती प्रदेश सरकारद्वारा प्रकाशित प्रदेश राजपत्र खण्ड ५) हेटौंडा, नेपाल, चैत्र २४ गते, २०७८ साल (अतिरिक्ताङ्क २८), संवत् २०७८ सालको अध्यादेश नं. २ स्थानीय तहका सेवाको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको परिच्छेद-३ स्थानीय सेवाको सङ्गठन संरचना तथा पदपूर्ति व्यवस्थापनको दफा ६ को दरबन्दी कायम गरिने व्यवस्थाको उपदफा (१) कार्यान्वयन गर्न स्थानीय तहका सेवाको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको परिच्छेद-३ स्थानीय सेवाको सङ्गठन संरचना तथा पदपूर्ति व्यवस्थापनको दफा १७ नियुक्ति र पदस्थापन गर्ने अधिकारीको उप-दफा (१) प्रयोग गरी सङ्घीय लोक सेवा आयोगबाट खुला प्रतियोगिताबाट स्थानीय तहको छैटौं तहको पदमा सिफारिस भई आएका तपशिल बमोजिमका कर्मचारीहरुलाई स्थानीय सेवाको सातौं तह कायम गर्ने र सातौं तह कायम भए पछि छैटौं तहको दरबन्दी खारेज गर्ने।

| क्र.म. | विज्ञापन नं. | कर्मचारीको नाम | ठेगाना | सेवा/समुह | सिफारिस भएको पद/तह | नियुक्ति भएको निकाय | नियुक्ति मिति | दरबन्दी कायम भएको पद/तह |
|---|---|---|---|---|---|---|---|---|
| १ | १२००१/०७५-७६ (खुला) | कृष्ण थापा | नमाडी-०६, रामेछाप | इन्जिनियरिङ्ग/सिभिल | इन्जिनियर/छैटौं | नमोबुद्ध नगरपालिका | २०७६/०९/२५ | इन्जिनियर /सातौं |
| २ | ११९१७/०७५-७६ (खुला) | बिष्णु कुमार अधिकारी | पाँचखाल-०२, काभ्रेपलाञ्चोक | प्रशासन/सामान्य प्रशासन | अधिकृत छैटौं | नौकुण्ड गाउँपालिका, रसुवा | २०७६/१०/०२ | अधिकृत सातौं |

निर्णय नं. १४:

विश्व बजारमा पेट्रोलियम पदार्थको चर्को मूल्यवृद्धि भएसँगै नेपाल आयल निगमले अप्रत्यासित, अकल्पनीय र पूर्वानुमान गर्न नसकिने गरी मुल्य वृद्धि गर्दा आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेटमा विनियोजन भएको रकम भन्दा करिब ८०% बढी भएको कारणले चालु आर्थिक वर्ष २०७८/०७९ मा इन्धन शिर्षक तर्फ विनियोजन गरिएको रकम अपुग भएकोले तलव भत्ता शिर्षकमा विनियोजन भई बाँकि रहेको रकमबाट इन्धन शिर्षक तर्फ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को व्यवस्था, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ बमोजिम नमोबुद्ध नगरपालिकाको विनियोजन ऐन, २०७८ले तोकेको सम्पूर्ण प्रकृया र सिमा भित्र रहने गरी रकम रु. १५,००,००० (पन्ध्र लाख) रकमान्तर गर्ने।